# अध्याय ५

## उपसंहार

# अध्याय ५

## ५.१ उपसंहार

समाजशास्त्रले समाज र सामाजिक जीवनको विविध पक्षका समुचित व्याख्या र विश्लेषण गर्दछ। समाजमा व्याप्त मानवीय व्यवहार र आवश्यकताहरूको आपूर्त्तिको निम्ति एक अर्काको संसर्गमा आएपछि नै मान्छे विभिन्न सामाजिक पक्षसित जोड़िन पुग्दछ। त्यस्ता पक्षहरूमध्ये सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक पक्ष प्रमुख भएर देखा पर्दछन्। समाजेतर केही र कोही पनि छैन । समाजभित्र नै मानव - कृत साहित्य पनि अन्तर्भुक्त रहेको सत्य निर्विवाद छ। साहित्य र साहित्यकार दुवैनै समाजसित सम्बन्धित रहेको हुनाले समाजशास्त्रीय अध्ययन अन्तर्गत साहित्य र साहित्यकार दुवै नै पर्नआउँछन्।

साहित्यकार समाजको एक विशिष्ट सदस्यको रूपमा बाँचेको हुनाले सामाजिक दायित्व उसमा बढ़ी रूपले रहेको हुन्छ। साहित्य स्रष्टा संवेदनशील भएको हुनाले उ आफ्नो देशकालको परिस्थितिसित अभिन्न रूपले बाँचेको हुन्छ । आफूले देखेको , बाँचेको र भोगेको सत्यलाई तिरस्कार गर्नसक्दैन। सामाजिक यथार्थलाई बड़ो यत्नपूर्वक कल्पनाको रङ्गमा चढ़ाएर व्यक्त गर्ने सामर्थ्य साहित्यकारमा नै निहित रहेका हुन्छ। यसो हुनाले साहित्यमा समाजप्रतिविम्बित हुनु स्वाभाविक हो । अत: साहित्य सामाजिक सृजना भएर अभिभूत हुन्छ । साहित्य भनेको शब्दहरूको माध्यमबाट हुने व्यक्त जीवन र समाजकै पुनर्सृजन मान्न सकिन्छ। व्यक्तिगत जीवन सँगसँगै साहित्यकार आफ्ना युगका विशेष परिस्थितिहरूबाट पनि प्रेरित एवं प्रभावित हुने गर्छ।

यस शोध प्रबन्धमा समाजशास्त्रीय दष्टिकोणले साहित्यका निकृयौंल गरिएको छ। यसै परिप्रेक्ष्यमा आलोच्य हुन पुगेका छन् रूपनारायण सिंहका कृतिहरू। दार्जीलिङको युगीन सामाजिकतामा उनका रचनाको सान्दर्भिकता देखाइएको छ।

रचनाकारको दृष्टिले रूपनारायणसिंह एक अद्‌भूत शिल्पी हुन्। उनको शिल्पकारिता

विभिन्न समालोचकहरूबाट प्रशंसित बनेको छ तर उनको शिल्पकारितालाई यथावत् राख्ने कृतिमा रहेको सामाजिक चेतना पनि कम मूल्यको होइन । उनको शैलीपक्षको सौन्दर्यलाई उत्कर्ष दिने कार्यमा उनकै समाजपरक चेतनाले सघाउ पुऱ्याएको छ। समाजशास्त्रीय अध्ययनमा रूपतत्त्वभन्दा बढी वस्तुतत्त्व वा सामाजिक सारको अवहेलना गर्न सकिन्न।

रूपनारायण सिंहका जीवनकाल सन् १९०४-देखि लिएर १९५५-सम्मका दार्जीलिङ नेपाली समाज हो । आफ्नो जीवनकालमा सिंहले युगको संक्रमणलाई देखेका थिए । त्यस समय दार्जीलिङ ब्रिटिश शासन अन्तगर्त थियो । सन् १९४७-देखि दार्जीलिङ पश्चिम बङ्गाल अन्तगर्त भारतीय शासन अनुरूप चल्न थाल्यो। सिंहले आफ्ना समाजमा व्याप्त अनाचार, शोषण, विकृति अन्धविश्वास, रूढ़ि लगायत देश र विश्वका असंगतिहरूलाई पनि देखेका र बुझेका थिए । विश्वका दुइ महायुद्ध, भारतीय स्वतन्त्रता सङ्ग्राम, रूसको क्रान्ति,नेपालको जनआन्दोलन र विविध आन्दोलनको प्रतिक्रियामा जागेको राजनैतिक चेतना, नारी जीवनको शोषण र विवशता, देशमा जागृत नारी शिक्षाको समर्थन, समाजमा व्याप्त उच्छृङ्खलता आदि तत्कालीन सामाजिक र युगीन परिस्थितिहरू थिए। यिनै सामाजिक र युगीन परिस्थितिहरूको धरातलमा सिंहका कृतिहरू निर्मित भए छन्।

सिंहका कृतिहरू युग सापेक्ष रहेका छन्। उनका प्राय: जसो सबै कथाहरूमा तत्कालिन समाज र समाजमा व्याप्त कुरीति, कुसंस्कार, भेदभाव, अन्धविश्वास आदिको यथार्थ चित्रण पाइन्छ। समाजलाई बिउँझाउने प्रयास उनका प्रत्येक कथाले प्रस्तुत गरेको छ। विभिन्न अन्धविश्वास र कुसंस्कारमा बाँधिएको नेपाली समाजका यथार्थ वर्णन 'पुष्पराग', 'बिग्रेको बाहुन', 'जिम्मेवारी कसको?' आदिले प्रस्तुत गरेका छन् भने विश्वका महायुद्धले आक्रान्त भारतीय गोर्खा समाजका नारी पात्रहरूको मार्मिक र यथार्थ चित्रण'विध्वस्त जीवन' र 'हत्यकारिणी'-ले प्रस्तुत गरेको पाइन्छ।

प्रभाव समाजमा अनेक प्रकारले पर्ने गर्छन् । यस्ता प्रभावहरूमा एउटा प्रभाव युद्धको प्रभाव हो भने अर्को सशक्त र मनोवैज्ञानिक प्रभाव सिनेमको प्रभाव हो । युवा समूहमाथि परेको सिनेमाको प्रभावको तत्कालीन सुन्दर चित्रण 'धनमतीको सिनेमा स्वप्न'-मा भएको पाइन्छ। 'बिग्रेको बाहुन' बाहेक उनका सबैकथाहरूमा भारतीय गोर्खा समाज दु:ख बिग्रेको बाहेक उनका सबै कथा भारतीय नेपाली समाजकै परिधिभित्र रहेका छन् । यहाँका नेपाली जातिको आफ्नै जीवनशैली छ, आफ्नै सुख दु:खको जीवन छ। यिनै जीवनको सुख दु:खको गाथा सिंहका कथाहरूमा व्यक्त भएको पाइन्छ तर यति हुँदाहुँदा पनि 'बिग्रेको बाहुन'-मा प्रयुक्त समाज हिन्दू समाजकै भेटभावको प्रतिविम्बको रूपमा रहेको सत्यलाई स्वीकार्ननु पर्छ। यसैले यस कथाको भावभूमि भारतीय नेपाली समाज देखि अलग मानेपनि यस कथालाई सामाजिक सचेतताको उत्तम नमूना मान्न सकिन्छ। जातिभेद र वर्णभेदको विरोध गर्ने यस कथामा माानवतावादको प्रतिष्ठापन भएको पाइन्छ।

उनका कतिपय कथाहरूमा रतिरागको भावना व्यक्त रहेको पाइन्छ। विपरीत यौन प्रतिको आकर्षणलाई समेत सिंहले बढ़ो शिष्ट र सौम्य ढङ्गले प्रस्तुत गरेका छन्। उदाहरण स्वरूप पुष्पराग, हत्यकारिणी र बितेका कुरालाई अघि सार्न सकिन्छ। रागाश्रित कथा भए पनि सामाजिक सुधारको भावना 'पुष्पराग' र 'बितेका कुरा'-मा नरहेको होइन। यौनविषयलाई सामाजिक रूपमा नै व्यक्त गर्ने सिंह आफ्ना कथाहरूमा अर्थिक विषमताले जन्माएका विसंगतिहरूलाई पनि संकेत गर्न भुल्दैनन् । यस्ता कथाहरूमा 'पुष्पराग' र 'जिम्मेवारी कसको'-लाई लिन सकिन्छ। पछिल्लो कथामा सामाजिक रूपमा देखा परेको गम्भीर प्रश्नलाई संकेत गरिएको पाइन्छ । सामाजिक रूपमा रहेका कुरीतिहरूलाई कलात्मक र रोचक ढङ्गले प्रस्तुत गरेर सिंह समाजधर्मी बन्न पुगेका छन्।

प्राकृतिक रूपमा नारी पुरूषमा समान रूपमा हुने यौन आग्रहको सत्यलाई स्वीकार्ने सिंह यसकै कारणले समाजमा (विशेष गरी नारी जीवनमा) विकार आउने तथ्यलाई पनि संकेत गर्छन् । अनुचित ढंगमा यौनसम्बन्धी समस्याले नारी जीवनमा ठूलो आघात पार्ने तथ्य 'हत्याकारिणी'-ले प्रस्तुत गरेको पाइन्छ भने क्षणिक दुर्बलताको कारणले हत्यकारिणी बनेको मानकुमारी चाँहि लेखकीय दृष्टिमा हेय नबनेर क्षम्य बनेकी पनि पाइन्छ।

रूपनारायण सिंहले आफ्ना उपन्यास र कथाहरूमा मानवीय तथा सामाजिक मूल्यहरूको उद्घाटन गरेका छन्। साहित्यकार आफ्नै देशकालसित सम्बन्धित रहेका हुनाले उसका कृतिहरूमा पनि त्यही समाज र लोकाचार अभिव्यक्त हुने गर्दछ। यसै दृष्टिकोणले हेर्दा रूपनारायण सिंह पनि आफ्नै समाज र देशसित सम्बन्धित रहेका पाइन्छन्। उनले जुन समाजको चित्रण आफ्ना कृतिहरूमा गरेका छन् त्यो सम्पूर्ण रूपमा उनी नै बाँचेका समाज थियो । उनी जुन समाजमा जन्मे र हुर्के त्यही उनको तथ्य थियो । उनले भोगेका समाज र देखेका समाजका सपना र आशाहरू बेग्ला बेग्लै थिए। यिनै प्रचलित सामाजिक रूढ़िहरू,अन्धविश्वास, जातिप्रथा, रीति- रिवाज, विश्वास, मान्यता आदिको यथार्थभूमिमा सिंहले आफ्नो आदर्शको प्रतिष्ठापन गरेका थिए । यसैले रूपनारायण सिंह कालिन समाजलाई र कृतिहरूको समाजलाई पृथक बनाएर हेर्न सकिन्न।

***भ्रमर*** र यसको सामाजिक धरातल दुवै सिंहको समाज र उनले देखेका समाजको सुन्दर भविष्य थियो । यहाँ तत्कालिन समाज र भविष्यको समाजको निर्देशन पाइन्छ। समाज जस्तो छ उस्तै रूपमा मात्र समाजको चित्रण गर्नु साहित्यिक दायित्व नभएर समाज कस्तो हुनुपर्छ त्यसको पनि दायित्य साहित्यकारको हुनेहुनाले सिंहलाई रोमान्टिक उपन्यासकारको रूपमा मात्र मूल्याङ्कन गर्नु अनुचित हुन चान्छ। मानवतावादी आधारमा उभिएको ***भ्रमर*** मानवीय गुणहरूको उन्मेष गर्नमा सफल भएको छ अनि सिंह यसै उपन्यासमा निष्काम कर्म सेवा, प्रेम समाज कल्याण र मंगललाई श्रेयस्कर ठान्दै उत्कृष्ट सामाजिक चेतना वा नैतिक आदर्शका समर्थक

बन्न पुगेका छन् । साहित्यिक कृति युगानुकूल हुनुपर्ने हुनाले तत्कालिन युगमा योग्य पात्रहरूद्वारा मात्र समाज कल्याण हुने सम्भावनाका बोध पनि सिंहले गराएका छन्। सिंहले तत्कालिन समाजकै आदर्शका पृष्ठमूभिमा आफ्ना समकालीन रचना गरेका छन्।

सिंहका कृतिहरूमा नारी जीवनका विविध पक्षको सुन्दर अभिव्यक्ति भएको पाइन्छ। परम्परागत आदर्शलाई वहन गर्ने वीणा, आमा, अन्नपूर्णा, मैनादेवी, जस्ता आदर्शका मूर्ति एकातिर सिंहका कृतिहरूका आदर्श नारीहरू हुन् भने माया जस्ती सुशिक्षिता र अभिमानी नारी, पद्मा र नयनतारा जस्ता चञ्चले प्रवृत्तिका यथार्थ पात्राहरू पनि जीवन्त भएर देखा परेका छन् । नारी जीवनकै अर्को पक्षलाई उद्‌घाटित गर्ने युवती, बिजुली मानकुमारी पनि उत्तिकै यथार्थ चरित्रहरू भएर देखा परेका छन् । हाम्रो समाजमा आमा , मैनादेवी, युवती, बिजुली , मानकुमारी, धनमती आजपर्यन्त जीवन्त भएर देखा पर्छन् । नारी जीवनका विविध तन्तुलाई छुन सफल भएका सिंह स्त्री शिक्षाका प्रबल समर्थक पनि देखिन्छन्।

व्यक्तिगत रूपमा विलासी रसिक ठहरिए तापनि सिंहमा सामाजिक चेतना प्रबल रूपले रहेको पाइन्छ। यही सचेतताको कारणले गर्दा व्यक्तिगत आक्षेपलाई पन्साएर उनी सामाजिक मर्यादाको निर्वाह पनि गर्नपुग्छन्। यसैले उनको शेखर पछि गएर समाजोन्मुख वन्छ। उच्छृङ्खल शेखरलाई लिएर मायाद्वारा तिरस्कृत गराई सिंहले व्यक्तिगत स्वतन्त्रतालाई उचित उपयोग गर्ने प्रेरणा प्रस्तुत गरेका पाइन्छ।

स्थानविशेषको समाजलाई सिंहले धेरै कथाहरू लेखे भने ***भ्रमर*** भारतका विभिन्न ठाउँमा बस्ने नेपालीहरूको समाजलाई ग्रहण गरिएर लेखिएको ग्रन्थ हो। तत्कालिन समाजका लागि ***भ्रमर*** एउटा विम्ब भएको छ । शेखर र वीणालाई दार्जीलिङे बनाएर, बस्नेत परिवारलाई असमे बनाएर, मोहनविक्रमलाई बनारसमा पठाएर, रघुबीर राईलाई बर्मामा पठाएर, विजयालाई कलकत्ते बनाएर ***भ्रमर***ले भारतकै प्रदक्षिणा गरेर व्यापक नेपाली सामाजिकताको निर्वाह गरको पाइन्छ। ***भ्रमर***मा वर्णित समाजले मध्यमवर्गीय नेपालीहरूको छविलाई प्रदर्शित गरेका सत्य स्वीकार्नुपर्छ।

***बिजुली***लाई आञ्चलिक समाजको पृष्ठभूमिमा उभ्याएर विकसित समाजतिर उन्मुख गराउने उपन्यासकार सिंहका प्रयास भने अधुरै रह्यो । कतिपय अन्वेषकले यसलाई पूरा लेखिसकेको धारणा व्यक्त गरे ता पनि अधिकांश तथ्यहरू हेर्दा र उपन्यासकारले नै स्वीकार गरेबाट यो उपन्यास अधूरै रहेको प्रमाणित हुन्छ। यति हुँदाहुँदै पनि बिजुली बारेको विवाद साम्य चाँहि भएको छैन। यदि यो उपन्यास पूर्ण भएको भए नेपाली समाजको व्यापक भावभूमि यसले वर्णन गर्न सक्ने कुरोमा सन्देह छैन ।

यसैगरी रूपनारायण सिंहका अन्यकृतिहरू पनि सामाजिक सचेतताका नमूना मात्र

सकिन्छ। उनका कविताहरूमा रूढ़िग्रस्त समाजप्रति व्यंग्य घृणा अभिव्यञ्जित भएका छन् भने अर्कोतिर मानवतावादको प्रतिष्ठापना पनि भएको छ। समाजमा व्याप्त कुसंस्कारप्रति उनका कविताहरू गतिला प्रहार हुन् । उनका सम्पादकीयका पानाहरू पनि युग सापेक्ष रहेका छन् । आफ्ना प्रगतिशील विचारद्वारा समाजलाई प्रशस्त प्रभाव पार्न सफल भएका सिंहका सम्पादकीय आजपर्यन्त आफ्ना गतिला विचारहरूको कारणले गर्दा चर्चाका विषय रहेका छन् । दह्निलो भएर उभिन नसकेको समाजलाई सबल भइ उभिने आह्वान उनका प्रत्येक सम्पादकीयले प्रस्तुत गरेको पाइन्छ। उनका निबन्धहरू पनि अति गहकिला र समाज सापेक्ष रहेको छन् ।

उनका निबन्धहरू साहित्यिक दृष्टिले मात्र नभएर तर सामाजिक सचेतताको दृष्टिले पनि मूल्यवान रहेका छन्। नयाँ साहित्यिक मान्यतालाई अङ्गीकार गर्दै नेपाली साहित्यको मूल्यमा वृद्धि भएको हेर्न चाहने सिंहले समाज सापेक्ष रहनुपर्छ भन्ने तथ्यमा जोड़ दिएका पनि थाह पाइन्छ। यसरी सिंह आफ्ना कृतिहरूमा केवल साहित्यिक दृष्टिकोणले मात्र महत्वपूर्ण नरहेर सामाजिक चेतनाको प्रष्फुटनमा पनि सफल रहेका तथ्य स्पष्ट भएको पाइन्छ। उनका निबन्धहरूबाट के प्रष्ट हुन्छ भने साहित्यप्रति सिंहको अगाध आस्था थियो। समाज हल्लाउन सक्ने, जातिलाई बिउँझाउन सक्ने प्रभावशाली हतियारको रूपमा उनले साहित्यलाई नै स्वीकारेको पाइन्छ। मानवीय समाजमा साहित्यको विशेष स्थान रहेको कुरालाई स्वीकार्ने सिंह समाजपरक साहित्यकारका रूपमा चिनिन्छन्। स्वयं आधुनिक प्रवृत्तिका भए पनि प्राचीन आदर्शको प्रवाहलाई अविच्छिन्न रूपमा कायम राख्दै युगको मांग अनुरूप, साहित्य र जातीय उत्थानको आकांक्षा राख्ने निबन्धकार रूपनारायण सिंह यस क्षेत्रका महान उपलब्धि हुन्।

कथा, उपन्यास , सम्पादकीय, निबन्ध,कविता गरी विभिन्न साहित्यिक माध्यमबाट रूपनारायण सिंह समाजमुखी साहित्यकारका रूपमा उभिएका पाइन्छ । उनका रचना युगानुकूल भएका कुरा यथास्थान चर्चा भइसकेको छ। संक्षेपमा भन्नुपर्दा उनी र उनको लेखन समाज प्रति सजग र सचेत देखिन्छ।

एक दृष्टिकोणले उनको लेखन प्रवाह रोमान्टिक मार्गमा हिंडेको सत्य नकार्नुसकिन्न तथापि उनको रोमान्टिकता यथार्थेतर र अतिरञ्जनापूर्ण नभएर समाजसापेक्ष रागात्मक भावभूमिमा आश्रित रहेको पाइन्छ। चाहे, उनका साहित्यमा वर्णित रागात्मकता र आलङ्कारिकताले रोमान्टिक भावभूमि तिर झुकेका होलान् तर त्यहाँ वर्णित रागवृत्ति र बोधशक्तिको कल्पनाको क्षेत्र दिव्यलोप पनि हुनजाला । यो त साहित्यमा हुने सम्भाव्यताभित्र पर्दछ। रतिको माध्यमद्वारा काव्यनिबन्धन सहज हुने हुनाले यसको स्पर्शत्वदेखि उनी विमुख हुन सकेनन् तर यसको क्रीड़ाभूमि भने जातीय समाज नै हुन गएको पाइन्छ । समाज र सामाजिकताको अभावमा रूपनारायणको साहित्यिक मूल्याङ्कन पूर्ण हुन सक्दैन ।